आज मिति २०७८ साल कार्तिक १७ गते बुधवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपसिलका महानुभावहरुको उपस्थितिमा ७५ औं नगर कार्यपालिकाको बैठक बसियो ।

**उपस्थिति**

| सि.नं | पद | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | ज्ञानमाया डंगोल | | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत/सचिव | प्रकाश आचार्य | | |
| ४ | वडा अध्यक्ष/न.का.स. | श्रीकृष्ण अधिकारी | | |
| ५ | वडा अध्यक्ष/न.का.स. | दिपकराज जोशी | | |
| ६ | वडा अध्यक्ष/न.का.स. | सिंहराज श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष/न.का.स. | धर्मेन्द्र श्रेष्ठ | | |
| ८ | वडा अध्यक्ष/न.का.स. | जगन्नाथ ढकाल | | |
| ९ | वडा अध्यक्ष/न.का.स. | महेश्वर के.सी. | | |
| १० | वडा अध्यक्ष/न.का.स. | नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष/न.का.स. | केशव बहादुर खत्री | | |
| १२ | वडा अध्यक्ष/न.का.स. | जोग प्रसाद नेपाल | | |
| १३ | वडा अध्यक्ष/न.का.स. | मधुसुदन पाण्डे | | |
| १४ | वडा अध्यक्ष/न.का.स. | उत्तम अधिकारी | | |
| १५ | नगर कार्यपालिका सदस्य | पार्वती अधिकारी | | |
| १६ | नगर कार्यपालिका सदस्य | कल्पना घिमिरे | | |
| १७ | नगर कार्यपालिका सदस्य | जगतमाया महर्जन | | |
| १८ | नगर कार्यपालिका सदस्य | उर्मिला बि.क. | | |
| १९ | नगर कार्यपालिका सदस्य | शोभा तामाङ | | |
| २० | नगर कार्यपालिका सदस्य | लिला भुजेल | | |
| २१ | नगर कार्यपालिका सदस्य | बच्चु बस्याल | | |
| २२ | नगर कार्यपालिका सदस्य | सन्जिव सुनुवार | | |

Scanned with CamScanner

# अन्य उपस्थिति

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| २३ | ज्ञानेन्द्र अधिकारी | लेखा अधिकृत | [signature] | |
| २४ | सावित्रा न्यौपाने | म.वि.अ. आठौं | [signature] | |
| २५ | सुमित्रा पाण्डे | कृषि अधिकृत छैटौं | [signature] | |
| २६ | रतलाल फुलाल | ज्ये.खा.अ. सातौं | [signature] | |
| २७ | प्रकाश भण्डारी | रा.प.अ.नि. | [signature] | |
| २८ | दामोदर भण्डारी | अधिकृत | [signature] | |
| २९ | बाबुराम गौतम | शिक्षा प्रमुख | [signature] | |
| ३० | अनिल प्रसाद जोशी | अधिकृत आठौं | [signature] | |
| ३१ | प्रकाश लामिछाने | प्र.प्र. | [signature] | |
| ३२ | पवित्रा पाठक | रू.प.अं. | [signature] | |
| ३३ | शारदा पाठक | का.से., पाँचौं | [signature] | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

Scanned with CamScanner

७५ औं नगरकार्यपालिका बैठकका निर्णयहरु मिति २०७८ कार्तिक १७ गते

## निर्णयहरु

१. नगरकार्यपालिकाको ७४ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थावारे छलफल तथा समिक्षा गरियो ।

२. टोखा नगरपालिकामा जनप्रतिनिधिहरु वहाल भएपछी हालसम्म नगरपालिकामा भएका मुख्य उपलब्धी तथा प्रगतिहरु सहित सार्वजनिक सुनुवाइ कार्यक्रमको तयारीको लागी आवश्यक सहजिकरण, समन्वय तथा सहयोग गर्न तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री जगन्नाथ ढकाल, वडाध्यक्ष, वडा नं. ५ | संयोजक |
| श्री बच्चुराज बस्याल, कार्यपालिका सदस्य/नगर प्रवक्ता | सदस्य |
| श्री गोपीकृष्ण पाठक, वडा सदस्य, वडा नं. ७ | सदस्य |
| श्री हेराकाजी डंगोल, वडा सदस्य, वडा नं. २ | सदस्य |
| श्री निशा पाण्डे, वडा सदस्य, वडा नं. ८ | सदस्य |
| श्री टंक कुमार चापागाई, अध्यक्ष, प्याब्सन, टोखा | सदस्य |

३. वि.सं. २०७८ सालको दिपावली, नेपाल सम्वत् ११४२ (न्हुदयाँ भिन्तुना), छठ पर्व लगायतका पर्वहरुको उपलक्ष्यमा सम्पूर्ण नगरवासी लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना प्रदान गर्ने निर्णय गरियो ।

४. नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको तोक आदेशवाट भए गरेका आर्थिक सहायता, औषधी उपचार खर्च लगायत हालसम्म भएका अन्य खर्च तथा निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

५. टोखा नगरपालिकाको प्रशासनिक भवनको भेरिएशन सम्वन्धमा मिति २०७८/०३/१३ गते नगर प्रमुख श्री प्रकाश अधिकारीको संयोजकत्वमा बसेको कार्यालयका पदाधिकारीहरु एवं निर्माण व्यवसायी श्री गौरा/श्रृंखला जे भि का प्रतिनिधि सम्मिलित बैठकवाट भेरिएशन वमोजिमको कार्य सार्वजनिक खरिद ऐन, नियम बमोजिम वार्ताद्धारा भ्याट र पि एस सहित कूल रकम रु २,८२,९९,८३७३८ ( भेरिएशन ल.इ. भन्दा ३%घटी) मा कार्य गर्न गराउन सहमति भई कार्यपालिका बैठकवाट अनमोदन गर्नेगरी भेरिएशन आदेश जारी गर्ने निर्णय भएकोमा उक्त निर्णयलाई अनुमोदन गरी सम्पन्न भएको कामको मूल्यांकनको आधारमा भुक्तानीको प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

Scanned with CamScanner

७५ औं नगरकार्यपालिका बैठकका निर्णयहरु                                    मिति २०७८ कार्तिक १७ गते

६. विद्यालय शिक्षक, कर्मचारी तथा नगरका अस्थायी, करार कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धमा आवश्यक कार्यविधि निर्माण गर्न तपशिल वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री बाबुराम गौतम | प्रमुख शिक्षा अधिकृत | संयोजक |
| श्री ज्ञानबहादुर अधिकारी | आ.प्र. शाखा प्रमुख | सदस्य |
| श्री अनिल प्रसाद जोशी | अधिकृत सातौं | सदस्य |
| श्री बेखानारायण डंगोल | कानुनी सल्लाहकार | सदस्य |
| श्री मधुसुदन मिश्र | अधिकृत छैठौं | सदस्य सचिव |

७. छात्रवृत्ति कोष संचालन सम्बन्धी कार्यविधि तयार गर्न तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री बाबुराम गौतम | प्रमुख शिक्षा अधिकृत | संयोजक |
| श्री ज्ञानबहादुर अधिकारी | आ.प्र. शाखा प्रमुख | सदस्य |
| श्री अनिल प्रसाद जोशी | अधिकृत सातौं | सदस्य सचिव |

८. नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कक्षा ६ देखी १० सम्म अध्ययनरत वालवालिकाहरुको लागि मेयर दिवा खाजा कार्यक्रम संचालन गर्न नगरपालिकाको नवौं नगरसभावाट स्वीकृत सि.नं. ९८ मा विनियोजित रकम मध्येवाट विद्यालयमा खाजा पुर्‍याउन आवश्यक कन्टेनर खरिद गरी सम्बन्धित विद्यालयकै स्वामित्वमा रहने गरी व्यवस्थापन गर्न सम्बन्धित विद्यालयलाई आवश्यक अनुदान उपलव्ध गराउने निर्णय गरियो । साथै Dietician सहितको समिति बनाएर दिवा खाजा कार्यक्रम अन्तरगत वितरण गरिने खाजाको गुणस्तर अनुगमन गर्ने निर्णय गरियो ।

९. टोखा नगरपालिका क्षेत्रभित्रमा विद्युतीय रिक्सा संचालन गर्न आवश्यक भए/नभएको साथै विद्युतीय रिक्साको दर्ता, संचालन, नियमन सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री जोगप्रसाद नेपाल, वडाध्यक्ष, वडा नं. ९ | संयोजक |
| श्री नरोत्तम राना, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| श्री बच्चराजु वस्याल, कार्यपालिका सदस्य | सदस्य |
| श्री शोभा तामाङ, कार्यपालिका सदस्य | सदस्य |
| श्री शान्ता खनाल, नगर सभा सदस्य | सदस्य |

Scanned with CamScanner

७५ औंनगरकार्यपालिका बैठकका निर्णयहरु मिति२०७८ कार्तिक १७गते

१०.टोखा नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको दरवन्दी मिलान गर्ने कार्यको लागि गठित समितिले गरेको दरवन्दी मिलान सम्बन्धी निर्णयलाई कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिकाको कार्यालयलाई प्रदान गर्ने निर्णय गरियो ।

११. "टोखा नगरपालिकाका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७" मा यसै साथ संलग्न भए अनुसार दोस्रो संशोधन गर्ने निर्णय गरियो ।

१२. प्रचलित कानुन, विभिन्न निर्देशिका तथा मापदण्ड अनुसार बनेका विभिन्न समितिको बैठक बस्दा बैठक भत्ता उपलब्ध नगराईएको अवस्थामा नियमानुसार यातायात खर्च उपलब्ध गराउन सकिने निर्णय गरियो ।

१३. टोखा चण्डेश्वरी प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत सुरक्षा गार्ड श्री मिलन अधिकारी र रणबहादुर सामरीले कोरोना महाँमारीको जोखिमपूर्ण समयमा Isolation Centre मा खटिएर उत्कृष्ट कार्य गर्नुभएको र निजहरुले जोखिम भत्ता समेत प्राप्त नगरेकोले पुरस्कार स्वरुप प्रति व्यक्ति कर वाहेक रु. २५,००० उपलब्ध गराउने निर्णय गरियो ।

१४. टोखा नगरपालिका भित्र अवस्थित हालसम्म कर नतिर्ने व्यवसायीहरुवाट असुल गर्न वाकी कर उठाउन सम्बन्धित वडालाई पत्राचार गरी ताकेता गर्न लगाउने निर्णय गरियो ।

१५. "मेयर दिर्घायु कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८" स्विकृत गरी लागु गर्ने निर्णय गरियो ।

१६. टोखा न.पा. वडा नं. १ मा बसोबास गर्ने नगर वाल सञ्जालको अध्यक्ष समेत रहेको विद्यार्थी श्री बबिता परियार गरीव तथा जेहेन्दार हुनुका साथै उत्पिडित वर्गको समेत प्रतिनिधित्व गर्ने भएकोले नगरपालिकाको छात्रवृत्ति कोष संचालन सम्बन्धी कार्यविधि लागु भएपछी सोही बमोजिम हुनेगरी हाललाई सम्बन्धित वडा कार्यालयको सिफारिस समेतको आधारमा १ वर्ष सम्मको लागी निज अध्ययनरत कलेजले पेश गरेको बिल बमोजिम शैक्षिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

**७५ औं नगरकार्यपालिका बैठकका निर्णयहरु** **मिति २०७८ कार्तिक १७ गते**

१७. टोखा न.पा. वडा नं. ७ स्थित सि. नं. १०२-०९४५-२०, कित्ता नं. १७२, क्षेत्रफल १११.२९ ब.मि. को जग्गा प्रति आना रु. २५ लाखको दरले टोखा नगरपालिकाले खरिद गर्नेगरी मुआब्जा निर्धारण समितिवाट निर्णय भएकोले सो जग्गा नगरपालिकाको नाममा नामसारी गर्दा नियमानुसार लाग्ने रजिष्ट्रेशन दस्तुर छुटको लागी मालपोत कार्यालय, टोखालाई अनुरोध गर्ने निर्णय गरियो ।